# प्रेस विज्ञप्ती

## सिद्धार्थ बैंकको वार्षिक साधारण सभा सम्पन्न

*पौष २८, २०८१, काठमाडौं,*

सिद्धार्थ बैंक लिमिटेडको तेईसौं वार्षिक साधारण सभा मिति २०८१ पौष २८ गते आइतबार काठमाडौं, भद्रकाली स्थित आर्मी अफिसर्स क्लबमा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाको अध्यक्षतामा सम्पन्न भएको छ ।

साधारण सभाले बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ४ प्रतिशतका दरले हुने रु. ५६,३५,९९,२०८/- (छपन्न करोड पैतीस लाख उनान्सय हजार दुई सय आठ मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) लाभांश प्रदान गर्ने, "एसबिएल ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर" (SBL 8.25% Perpetual Non Cumulative Preference Share) सम्बन्धित नियमनकारी निकायको स्विकृती पश्चात् जारी गर्ने लगायतका प्रस्तावहरु पारित गरेको छ ।

साथै, बैंकको वार्षिक साधारण सभामा भएको निर्वाचनबाट सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहको तर्फबाट श्री राहुल अग्रवाल, श्री दिनेश शंकर पालिखे र श्री बिरेन्द्र कुमार शाह निर्विरोध निर्वाचित हुनुभएको छ । यसैगरी, सर्वसाधारण शेयरधनी समूहको तर्फबाट श्री अंकित केडिया (प्रतिनिधि-लेभरेज होल्डिङ्ग्स प्रा.लि. र श्री भोजन अर्याल (प्रतिनिधि-रिनुवल इन्भेष्टमेन्ट प्रा.लि.) निर्विरोध निर्वाचित हुनु भएको छ ।